# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
## BHARATPUR METROPOLITAN CITY
### Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal


प.सं.. ०७७/७८ पञ्जीकरण
च.नं. २३

मिति: २०७७/०४/१५

विषय : सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै (१ देखि २९)
भरतपुर महानगरपालिका
भरतपुर, चितवन ।

प्रस्तुत विषयमा राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको मिति २०७७/०४/१२ च.नं. १३१ को प्राप्त पत्रानुसार मृत्यु भईसकेका तथा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिका नाममा समेत भत्ता वितरण भएको, दोहोरो परेको, भत्ता प्राप्त गर्नु पर्नेले नपाएको, लगत कट्टा गर्ने काम नियमित नभएको हुँदा सामाजिक सुरक्षा भत्ता वितरणमा अनियमितता हुन नदिन आवश्यक व्यवस्था गर्नु हुन भनी गृह मन्त्रालयको पत्र समेत कोड गरी लेखी आएको तथा मिति २०७७/०४/०६ मा च.नं. ०६ र ०७ को महानगरपालिकाको पत्रबाट समेत सामाजिक सुरक्षा नामावली अध्यावधिक गर्नु हुन भनी लेखी पठाईएकाले सो पत्र र यसै साथ संलग्न विभागको पत्र समेत अध्ययन गरी सोही अनुसारको व्यवस्था मिलाउनु हुन आदेशानुसार अनुरोध छ ।

२०७७/०४/१५

माधब सुवेदी
अधिकृत छैठौं


056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np


Scanned by CamScanner

नेपाल सरकार

टेलिफोन: ४२००६५१, ४२६४६८१
४२६२०५६, ४२००८९५
फ्याक्स: ४२०००१४


# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

(सामाजिक सुरक्षा शाखा)


सिंहदरबार,
काठमाडौं, नेपाल


पत्र संख्या:- ०७७/७८
प्राप्त पत्र संख्या र मिति:-
च.नं.- ९३१

मिति २०७७/४/१२

श्री पंजिकरण
सर्व वडा कार्यालयहरूलाई
तथ्याङ्क अद्यावधिक गर्नका लागि प्रचार गरी होहोरा गर्ने, अयोग्य व्यक्तिले पाउने, प्राप्त गर्नुपर्ने नपाउने अवस्था आउन नदिने व्यवस्था मिलाउन।
२०७७/४/१२

विषय: सामाजिक सुरक्षा भत्ता सम्वन्धमा।

श्री स्थानीय तह सबै।

प्रस्तुत विषयमा असम्बन्धित व्यक्तिलाई भर्पाईमा सहीछाप गराई सामाजिक सुरक्षा भत्ता वितरण गरेको, व्यक्तिगत घटना दर्ता नभएकै कारण मृत्यु भइसकेका तथा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिका नाममा समेत भत्ता वितरण भएको, व्यक्तिगत घटना दर्ता तथा लगत कट्टा गर्ने काम नियमित नभएको जानकारी प्राप्त हुन आएकोले सामाजिक सुरक्षा भत्ता वितरणमा अनियमितता हुन नदिन, कार्यालयको कार्यसुस्तताको कारण अन्य व्यक्तिले त्यसको फाइदा उठाउन नदिन देहाय बमोजिम गर्न गराउन तहाँवाट देशभरका स्थानीय तहलाई पत्राचार हुन भनी गृह मन्त्रालयको च.नं.१५४ मिति २०७७/०४/०८ बाट लेखी आएको हुँदा तपसिल बमोजिका कार्यहरू तुरन्त गर्नु गराउनुहुन आदेशानुसर अनुरोध छ।

तपसिल:

१. जन्म, मृत्यु, विवाह, बसाइसराई, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना समयमानै दर्ता गर्ने गराउने सम्बन्धमा जनप्रतिनिधि तथा कर्मचारीले सक्रिय भूमिका निर्वाह गर्ने, सो सम्बन्धमा स्थानीय तहवाट आवश्यक जानकारी, सूचना तथा प्रचार प्रसार गर्ने।

२. सामाजिक सुरक्षा भत्ता वितरण गर्दा वैङ्किग सुविधा पुगेका स्थानीय तहबाट अनिवार्य रूपमा लाभग्राहीहरूको नाममा बैंक खाता खोलि बैंक खाता मार्फत रकम भुक्तानी गर्ने व्यवस्था मिलाउने।

३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्ति बाहेक अन्य असम्वन्धित व्यक्तिलाई रकम भुक्तानी नगर्ने। बैंक खातामा पहुँच पुग्न नसक्ने र स्वयं उपस्थित हुन नसक्ने वर्गका अशक्त र अपाङ्ग वर्गका व्यक्तिहरूकालागि सम्वन्धित व्यक्तिले प्राप्त भत्ता प्राप्त गर्ने सुनिश्चितता गर्ने।

४. सामाजिक सुरक्षा भत्ता वितरण गर्नुभन्दा अगाडि लाभग्राहीको विवरण विभागको एम.आइ.एस. प्रणालीमा अनिवार्य रूपमा प्रविष्टि गर्ने। विवरण प्रविष्टि नगरी भत्ता वितरण गरेमा त्यसरी वितरण गरेको रकम वेरुजु हुनेछ।

५. लगत कट्टा गर्नुपर्ने देखिएका विवरणहरू कट्टा गरी लगत अध्यावधिक गर्ने।

६. सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको व्यक्तिको मृत्यु दर्ता गर्दा भत्ता प्राप्त गर्ने लाभग्राही विवरणवाट उक्त लाभग्राहीको लगत कट्टा गरेपछिमात्र मृत्यु दर्ता प्रमाणपत्र जारी गर्ने।

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दर्ता नं.: ९०९
दर्ता मिति: २०७७/४/१२

सावित्रा बस्नेत
शाखा अधिकृत

बोधार्थ: गृह मन्त्रालय, शान्ती सुरक्षा तथा अपराध नियन्त्रण शाखा।


Email: info@donidcr.gov.np, nid@donidcr.gov.np, ss.donicr@gmail.com,
vital@donidcr.gov.np, URL:www.donidcr.gov.np



Scanned by CamScanner